QUESTION BANK NEPAL

## वस्तुगत प्रश्नोत्तर

**१. नेपाली सेनाको प्रधानसेनापतिमा हालै कसलाई नियुक्त गरियो ?**
✍ बलाधिकृत रथी प्रभुराम शर्मा (२०७८ भदौ २४ देखि कार्यकाल सुरु)
- नेपाली सेनाको कायममुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्दै आउनुभएका बलाधिकृत रथी शर्मालाई सो पदमा नियुक्त (२०७८ भदौ ११ गते) गरिएको ।
- नेपाली सेनामा ३७ वर्ष बिताउनुभएका शर्मा ब्राह्मण जातिबाट सो पदमा पुग्ने पहिलो सेनापति हुनुहुन्छ ।
- उहाँले त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा स्नातकोत्तर र भारतको मद्रास विश्वविद्यालयबाट प्रतिरक्षा तथा रणनीतिक शास्त्रमा एमफिल गर्नुभएको ।

**२. जनवादी गायक जेबी टुहुरे (जुठबहादुर खड्गी)को निधन कहिले भएको हो ?**
✍ वि.सं. २०७८ भदौ १०

**३. माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)लाई दलको मान्यता कहिले प्रदान गरिएको हो ?**
✍ वि.सं. २०७८ भदौ ९
- (नेकपा एमालेबाट अलग भएर माधवकुमार नेपाल पक्षद्वारा नेकपा (एकीकृत समाजवादी) पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको ।)

**४. अन्तर्राष्ट्रिय विकास साझेदारले नेपालमा सहायता प्रदान गर्ने सम्बन्धमा कति बुँदे आधारभूत मार्गदर्शन जारी गरेका छन् ?**
✍ १५ बुँदे
- विभिन्न चौध अन्तर्राष्ट्रिय विकास साझेदारले नेपालमा जात, धर्म, सम्प्रदाय र राजनीतिक दलका आधारमा नभई अन्तर्राष्ट्रिय स्वीकृत सिद्धान्तका आधारमा जवाफदेही र निष्पक्ष रूपमा पारदर्शी तथा समावेशी सहयोग गर्ने भन्दै कार्यक्रम सञ्चालनका लागि सन् २०१९ जुनमा १५ बुँदे आधारभूत मार्गदर्शन जारी गरेका ।
- संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, डानिडा प्रोग्राम सपोर्ट युनिट नेपाल, स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअपरेसन (एसडीसी), नर्वेजियन दूतावास, आईएनजीओहरूको सङ्घ, अस्ट्रेलियन एड, कोरियन विकास संस्था (कोइका), फिनल्यान्ड दूतावास, जर्मन सहयोग नियोग, नेदरल्यान्ड विकास सङ्गठन, अमेरिकी दूतावास, यूके एड तथा जाइकाले आधारभूत मार्गदर्शन जारी गरेका ।
- कार्य सञ्चालनसम्बन्धी आधारभूत मार्गदर्शन पहिलो पटक सशस्त्र द्वन्द्वका बेला सन् २००२ मा र त्यसपछि सामान्य परिमार्जनसहित सन् २००७ मा जारी गरिएको ।

**५. नेपालमा किसान सूचीकरण राष्ट्रिय अभियानको सुरुवात कहिलेदेखि गरिएको हो ?**
✍ वि.सं. २०७७ फागुन २२
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार पारेको किसान सूचीकरण व्यवस्थापन प्रणालीको शुभारम्भ गर्दै अभियान थालनी गरिएको ।
- सूचीकरण अभियानपश्चात् सरकारबाट उपलब्ध हुने सेवा सुविधा वास्तविक किसानले पाउने विश्वास गरिएको ।
- युरोपियन युनियनको सहयोगमा किसान सूचीकरण व्यवस्थापन प्रणाली कार्यक्रम सञ्चालन नभएको ।

**६. राष्ट्रिय योजना आयोगले कतिवटा औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिएको छ ?**
- तीनवटा । (कञ्चनपुरको दैजी–छेला, बाँकेको नौवस्ता र मकवानपुरको मयूरधाप)
- आयोगको २०७७ चैत ९ को बैठकद्वारा ती औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिँदै स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको सहमति माग गर्ने निर्णयसमेत गरिएको ।
- यी औद्योगिक क्षेत्र आयोगको आयोजना बैङ्कमा समेत समावेश भएका ।
- आयोगले बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ अनुसार ती औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिएको ।
- ५० करोड रुपियाँभन्दा बढी लागत अनुमान भएका तथा निर्माण सम्पन्न गर्न दुई वर्षभन्दा बढी समय लाग्ने आयोजनालाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाइने मापदण्डमा उल्लेख रहेको ।

**७. प्रसिद्ध समाजसेवी तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरिएको चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?**
✍ भीमशमशेर

**८. नवीकरणीय ऊर्जाको विश्वव्यापी रूपमा व्यापक प्रयोग र दिगो उपयोग गर्ने उद्देश्यका साथ इन्टरनेसनल रिन्युएबल इनर्जी एजेन्सी (आइरेना)को स्थापना कहिले भएको हो ?**
✍ सन् २००९ जनवरी २९
- २०७४ असोज २५ को संसद् बैठकले यसबारेको विधानलाई सर्वसम्मत रूपमा अनुमोदन गरेपछि नेपाललाई सो निकायको सदस्य बन्ने बाटो सहज भएको । संसद्बाट अनुमोदन भएको दस्तावेज आइरेना मुख्यालय यूएई पठाएपछि नेपाल सो निकायको औपचारिक रूपमा सदस्य बन्ने । सन् २००९ मा जर्मनीको बोनमा सम्पन्न फाउन्डिङ कन्फ्रेन्समा सहभागी नेपालले यसबारेको विधानमा हस्ताक्षर गरेर सदस्य बन्ने प्रतिबद्धता जनाए पनि औपचारिक प्रक्रिया भने अघि बढ्न सकेको थिएन ।
- यससँगै नेपाल दक्षिण एसियाबाट आइरेनाको सदस्य बन्ने कान्छो मुलुक बनेको ।
- सार्कका सबै सदस्य राष्ट्रसहित कुल १६५ मुलुक सो नियोगको सदस्य बनेका ।

**९. नेपाल विद्युत् प्राधिकरणले अनलाइन प्रणालीबाट विद्युत् महसुल तिर्न सक्ने व्यवस्था कहिलेदेखि गरेको हो ?**
✍ वि.सं. २०७४ भदौ ५

**१०. पाटनको सुन्दरी चोक सर्वसाधारणका लागि कहिलेदेखि खुला गरिएको हो ?**
✍ वि.सं. २०७४ कात्तिक १२

**११. दधिची भन्नाले दानी एवं त्यागी बुझिन्छ भने भगीरथ भन्नाले के बुझिन्छ ?**
✍ परिश्रमी

**१२. अर्बुद रोगको उपचारमा प्रयोग हुने विधि केमोथेरापी/रेडियम थेरापी हो भने कुष्ठ रोगको उपचारमा प्रयोग हुने विधि कुन हो ?**
✍ मल्टी ड्रग थेरापी

**१३. बारुदी सुरुङमुक्त घोषित हुने पहिलो एसियाली राष्ट्र कुन हो ?**
✍ नेपाल

**१४. रावलपिण्डी रिजोलुसन नामक कार्यक्रम केसँग सम्बन्धित छ ?**
✍ बालमजदुरी उन्मूलन

**१५. नेपालमा सर्वप्रथम हुलाक टिकटको प्रकाशन कहिले भएको हो ?**
✍ वि.सं. १९३८

**१६. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना कहिले भएको हो ?**
✍ वि.सं. २०६८ साउन २०

**१७. राष्ट्रिय आयोजना बैङ्कको शुभारम्भ कहिले गरिएको हो ?**
✍ वि.सं. २०७६ माघ २६
- (राष्ट्रिय आयोजना बैङ्क कार्यान्वयनमा आएपश्चात् यसमा समाहित भएका आयोजनाहरूले मात्र बजेटमा प्रवेश पाउने ।)

**१७. एसिया प्रशान्त आर्थिक सहयोगको स्थापना कहिले भएको हो ?**
✍ सन् १९८९
- स्थापनाकालमा १२ देश मात्र रहेको यस सङ्गठनमा हाल २१ सदस्य राष्ट्र छन् ।
- यसको प्रधान कार्यालय सिङ्गापुरमा रहेको ।
- यस संस्थाको पहिलो सम्मेलन सन् १९८९ मा अस्ट्रेलियामा सम्पन्न भएको ।

**१८. सरकारले सवारीचालक अनुमति–पत्र (लाइसेन्स)मा 'स्मार्टकार्ड'को व्यवस्था कहिलेदेखि गरेको हो ?**
✍ वि.सं. २०७२ मङ्सिर १४

**१९. चीनले निर्माण गरेको विश्वकै पहिलो आर्टिफिसियल इन्टेलिजेन्ट (एआई) महिला समाचार वाचकलाई के नामकरण गरिएको छ ?**




✍ शिन शाओमेग
- शाओमेगले २४ घण्टासम्म समाचार पढ्न सक्ने साथै प्रोफेसनल न्युज एङ्करले जस्तै समाचार वाचन गर्ने ।
- शाओमेगलाई सन् २०१९ फेब्रुअरी २० मा सार्वजनिक गरिएको । ■

प्रस्तुतकर्ता : टङ्क के.सी.

## विषयगत प्रश्नोत्तर

# बेरुजु बढ्नुका कारण

**१. बेरुजु भनेको के हो ? नेपालमा बेरुजु फर्स्योटको व्यवस्थाबारे चर्चा गर्दै बेरुजु बढ्नुका कारणहरू के के हुन् ? लेख्नुहोस् ।**

✍ प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको, बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको रकम कलमलाई बेरुजु भनिन्छ । यो आर्थिक कारोबारको हिनामिना हो, जसलाई आर्थिक अनुशासनहीनताको उपजका रूपमा लिइन्छ । यो सार्वजनिक आय र व्ययको कार्य प्रचलित कानुनी विधि र प्रक्रिया पूरा नगरी गर्दा देखापर्ने अनियमित रकम हो । लेखापरीक्षकले लेखापरीक्षण गर्दा कानुनबाहिरको आर्थिक कारोबारलाई बेरुजुका रूपमा औँल्याउने व्यवस्था छ ।

**• नेपालमा बेरुजु फर्स्योटको व्यवस्था**

- नेपालमा बेरुजु फर्स्योटसम्बन्धी कानुनी र संस्थागत व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमवली, २०७७ ले यससम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ र पनि नेपालमा असुल फर्स्योट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने कुल बेरुजु रकम रु. छ खर्ब ७६ अर्ब पुगेको अवस्था छ, जुन चालू बजेटको ४१ प्रतिशत हुन आउँछ । नेपालमा बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी तीन वर्गमा वर्गीकरण गरी बेरुजु फर्स्योटको व्यवस्था छ । बेरुजु फर्स्योट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र बेरुजु फर्स्योट गरे–नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फर्स्योट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । महालेखा परीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र सम्बन्धित कार्यालयले बेरुजु फर्स्योट गरी सम्परीक्षणका लागि महालेखा परीक्षकसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित बेहोरा फर्स्योट वा सम्परीक्षण नगराएमा महालेखा परीक्षकले सोको जानकारी लेखा उत्तरदायी अधिकृतलाई गराउने र यसरी जानकारी प्राप्त भएपछि सोबमोजिमको कार्य सम्पादन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ । यसबमोजिम लेखा उत्तरदायी अधिकृतले आफ्नो जिम्मेवारी तोकिएको समयमा पूरा नगरेमा महालेखा परीक्षकले सो बेहोराको जानकारी सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीलाई गराई त्यसरी फर्स्योट वा सम्परीक्षण हुन नसकेको विवरण आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था छ ।

**• बेरुजु बढ्नुका कारण**

- सार्वजनिक खरिद तथा निर्माण कार्यमा प्रतिस्पर्धा नगर्नु, ठूलो कार्यलाई टुक्राटुक्रा पारेर सानो बनाई कार्य गर्नु, पारदर्शिताको अवस्था कमजोर रहनु,
- सरकारी कार्यालयमा आन्तरिक नियन्त्रणको अवस्था कमजोर रहनु,
- आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु एवं त्रुटिहरू सम्बन्धित कार्यालयहरूले समयमै फर्स्योट नगर्नु,
- आर्थिक कार्यविधि ऐन, नियम, सार्वजनिक खरिद ऐन नियमलगायत प्रचलित ऐन नियमको पूर्ण परिपालना नहुनु,
- महालेखा परीक्षकको कार्यालयबाट तोकिएको मलेप फारामअनुसार लेखा नराख्नु,
- बजेट शीर्षकअनुसार खर्च नगर्नु, बजेट शीर्षकको सीमा उल्लङ्घन गर्नु,
- सम्बन्धित कार्यालयको कार्यालय प्रमुख, लेखा प्रमुख र जिन्सी प्रमुख जिम्मेवार र जवाफदेही हुन नसक्नु,
- तालुक कार्यालयको अनुगमन एवं नियमन कार्य प्रभावकारी हुन नसक्नु,
- बेरुजु रकमलाई सरुवा, बढुवा, पुरस्कार, दण्ड सजायलगायतका वृत्ति विकासका पक्षसँग आबद्ध नगरिनु,
- लेखापरीक्षणका क्रममा लेखापरीक्षकसँग सम्बन्धित कार्यालयका कार्यालय प्रमुख, लेखा प्रमुख एवं जिन्सी प्रमुखले आफूले गरेका कतिपय अस्पष्ट विषय प्रस्ट नपार्नु, सञ्चार तथा समन्वय नगर्नु, पर्याप्त आपसी छलफल तथा परामर्शको अवस्था कमजोर रहनु,
- बेरुजुको उठानका आधार प्रस्ट नहुनु, कानुनका दफाको बुझाइमा फरकपन आउनाले पनि बेरुजुको मात्रा बढ्दै जानु,
- बेरुजु अनियमित रकम हो । यसले आर्थिक अनुशासन नभएको तथा भ्रष्टाचार बढेको सङ्केत गर्ने हुनाले सकेसम्म बेरुजु हुन नदिनु नै उत्तम उपाय हो । यसका लागि प्रचलित ऐन नियमको पूर्ण पालना गर्नुपर्दछ । आर्थिक कारोबारमा स्वच्छता कायम गर्नुपर्दछ । बेरुजु उठान गर्ने र बैठान गर्ने अलग–अलग लेखापरीक्षण समूहको व्यवस्था गर्नुपर्दछ । पुरानो बेरुजु फर्स्योट कार्यलाई प्राथमिकतामा राख्नुपर्दछ ।

**२. आर्थिक विकासमा पुँजी बजारको भूमिकाबारे चर्चा गर्नुहोस् ।**

✍ एक वर्षभन्दा बढी पुँजीको माग र आपूर्ति हुने बजार पुँजी बजार हो । यसमा ट्रेजरी विलबाहेकका दीर्घकालीन वित्तीय उपकरणहरू मुद्दती निक्षेप, ऋणपत्र, विकास ऋणपत्र, सेयर, बन्ड आदिको खरिद बिक्री हुन्छ । पुँजी बजारले पुँजी मागकर्ता र आपूर्तिकर्ताबीच पूलका रूपमा कार्य गरेको हुन्छ । पुँजी बजारले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ, जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- छरिएर रहेको साधन एकीकृत हुने,
- बचत परिचालनमा सहयोग,
- लगानीमा बढोत्तरी,
- राजस्व परिचालनमा सहयोग,
- रोजगारी सिर्जनामा मद्दत,
- उच्च आर्थिक वृद्धिमा सहयोग,
- आर्थिक विकास र विस्तारमा टेवा,
- पूँजी वृद्धि र निर्माण हुने,
- लगानीमैत्री वातावरण निर्माणमा सहयोग,
- वित्तीय उपकरणहरूको वृद्धि, विकास र विस्तार,
- बैङ्क तथा वित्तीय संस्थाको कारोबारमा वृद्धि,
- वित्तीय साक्षरता वृद्धिमा सहयोग ।

**३. नेपाल र चीनको तिब्बतसँगको व्यापारमा वस्तु विनिमयअन्तर्गत नेपालमा पैठारी हुने वस्तुहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ नेपाल र चीनको तिब्बतसँग परम्परागत पैठारी व्यवस्था कायमै छ । यसअन्तर्गत नेपालबाट कुनै मालवस्तु निकासी गरिसकेपछि सोही मूल्य बराबरको देहायका छ प्रकारका मालवस्तु वस्तु विनिमयअन्तर्गत नेपालमा पैठारी हुने व्यवस्था छ :
क. चौँरी गाई र चौँरी गाईको पुच्छर,
ख. जीवित भेडा च्याङ्ग्रा,
ग. जडीबुटी,
घ. गलैँचा,
ङ. ऊन,
च. नुन ।

**४. नेपालमा सार्वजनिक नीति कार्यान्वयनमा देखिएका समस्याहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**

सरकारले जनताप्रति गरेको सार्वजनिक प्रतिबद्धता नीति हो । यो मुलुकको आर्थिक, सामाजिक रूपान्तरण गर्ने माध्यम पनि हो । सामान्यतया समस्या समाधान गर्न, आवश्यकता पूरा गर्न, परिवर्तन ल्याउन, द्वन्द्वको समाधान गर्न नीति तर्जुमा गर्ने गरिन्छ । संविधान, ऐन, नियम, क्षेत्रगत विषयका नीतिहरू सार्वजनिक नीति हुन् । नेपालमा विगतमा राजनीति अस्थिर रह्यो, अस्थिर राजनीतिबाट सरकार अस्थिर हुन पुग्यो, सरकार अस्थिर हुँदा नीति पनि अस्थिर भए, कर्मचारीतन्त्रमा पनि व्यापक हस्तक्षेप गरियो, जसबाट सार्वजनिक नीतिहरूको कार्यान्वयन अवस्था अत्यन्त कमजोर रह्यो । गरिबी घटेन, आर्थिक, सामाजिक रूपान्तरणको कार्यमा ढिलाइ हुन पुग्यो, रोजगारी सिर्जनाको आधार झन् खस्किँदै गयो । नेपालमा सार्वजनिक नीति कार्यान्वयनमा देखिएका अरू समस्यालाई निम्नानुसार चर्चा गर्न सकिन्छ :
- स्थानीय जनताको आवश्यकता एवं मागका आधारमा नीति तर्जुमा नगरिनु,
- नीति कार्यान्वयनका लागि कार्ययोजनाको अभाव हुनु,
- नीति कार्यान्वयनमा सरोकारवालाको सक्रिय एवं सार्थक सहभागिता नहुनु, नगराइनु, सरोकारवालाको भूमिका स्थापित गराउन नसक्नु,
- नीति कार्यान्वयनका लागि आवश्यक पर्ने साधन स्रोतको अभाव हुनु,
- नीति कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव हुनु,
- नीति तर्जुमाको अवस्थामा नीति कार्यान्वयनको विश्लेषण नगर्नु,
- नीति कार्यान्वयन गर्ने सरकारी निकायहरूबीच कार्यगत समन्वयको कमी हुनु,
- नीति कार्यान्वयनको जिम्मेवारी लिने र जवाफदेहिता वहन गर्ने जिम्मेवार निकायको प्रस्टता नहुनु,
- नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्य वातावरण नहुनु,
- तालुक निकायको भूमिका प्रस्ट नहुनु, तालुक निकायले गर्ने अनुगमन र मूल्याङ्कनको कार्य प्रभावकारी हुन नसक्नु,
- नीति कार्यान्वयनको प्रभाव र असरको लेखाजोखा नगर्नु,
- पृष्ठपोषणको अवस्था सबल नहुनु । ■

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा


## नेपाल विद्युत प्राधिकरण
### वितरण तथा ग्राहक सेवा निर्देशनालय
### गण्डकी प्रादेशिक कार्यालय

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७८/०५/१६)

**(१) सिलबन्दी दरभाउपत्र आह्वानको सूचना:**

**तनहुँ वितरण केन्द्र** (फोन नं. ०६५–५६०२४२ ईमेल : tanahu@nea.org.np)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण |
|---|---|---|
| १. | TDC-2078/079-SQ01 | Supply and delivery of Electrical tools, equipments and safety devices for Tanahun DCS |
| २. | TDC-2078/079-SQ02 | Supply and delivery of Electrical materials for Tanahun DCS |

for details please visit *www.bolpatra.gov.np/egp* & For further information please contact respective office.

## नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
बालुवाटार, काठमाडौं

**नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: (२०७८/०५/०९ गते)

(दोस्रो पटक प्रकाशित मिति: (२०७८/०५/१६ गते)

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको संचालक समितिको ६०१ औं बैठकको निर्णय अनुसार नवौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरू उपर छलफल गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेरयधनी महानुभावहरूको जानकारी र उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
- २०७८/०५/३० गते बुधबार,
- दिउँसो ३ :०० बजे
- प्रधान कार्यालय, बालुवाटार, काठमाडौं

**छलफलका विषयहरू**
(क) साधारण प्रस्तावहरू
(१) आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(२) आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने ।
(३) आ.व. २०७६/७७ को वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
(४)आ.व. २०७६/७७ को लेखापरीक्षण शुल्क भुक्तानी अनुमोदन गर्ने ।
(५) आ.व. २०७७/७८ का लागि लेखापरीक्षक नियुक्ति अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताव नभएको ।

**नोट** : विवरण पत्र लगायत अन्य कागजातहरू कम्पनीको वेभसाईटमा हेर्ने व्यवस्था गरिएको छ ।
website : nepaltransit.com

**आज्ञाले, महाप्रबन्धक**

## बोलपत्र आव्हानको सूचना
## श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा
### नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदको बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति : २०७८/०५/१६ गते)

१. नेपाली सेनाको लागि आ.ब. ०७८/७९ मा आवश्यक निम्न अनुसारका सामग्रीहरु e–GP System बाट खरिद गरिने हुँदा इच्छुक योग्य बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैक जमानि पेश गर्नुपर्ने ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | पहिलो पटक सूचना प्रकाशन मिति |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो पटक सूचना प्रकाशन | | | | | | | | |
| ०३७ | Plate, Bowl, Spoon, Forks & Glass | विभिन्न | ८,९४,०००।- | ५,०००।- | २०७८/०५/२७ गतेको १४०० बजे | २०७८/०६/१५ गतेको १२०० बजेभित्र | २०७८/०६/१५ गतेको १३०० बजे | - |
| २३२ | Cavalry Items | विभिन्न | ६५,०००।- | ३,०००।- | | | | |
| २३३ | Horses Items for Equine Breeding | विभिन्न | १६,०००।- | ३,०००।- | | | | |
| दोश्रो पटक सूचना प्रकाशन | | | | | | | | |
| ०२२ | Radio Equipment (EME School & SC) | विभिन्न | ७६,०००।- | ३,०००।- | २०७८/०५/२३ गतेको १४०० बजे | २०७८/०५/३१ गतेको १२०० बजेभित्र | २०७८/०५/३१ गतेको १३०० बजे | २०७८/०३/२० |
| ०३१ | High Speed Burr and Other Items | विभिन्न | १,०७,०००।- | ३,०००।- | | | | २०७८/०४/०१ |
| ०३२ | Myringoplasty and Microscope | विभिन्न | १,१३,०००।- | ३,०००।- | | | | |
| २०६ | Track Suit | जोर- ८५०० | २,७८,०००।- | ३,०००।- | | | | २०७८/०३/०७ |
| ५१२ | Laboratory Machine and Equipment (Swo.Ba.Kha.) | विभिन्न | ८३,०००।- | ३,०००।- | | | | २०७८/०४/०३ |

२. बोलपत्रदाताहरुले यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् ।
३. खरिदकर्ताको नाम श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जंगी अड्डा, काठमाण्डौं ।
फोन नं.: ०१-५९७९१२६, फ्याक्स नं.: ०१-५९७९१२६, इमेल: mgo–swodesh@nepalarmy.mil.np
४. माथी उल्लेखित ठेक्काहरु "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४" अनुसार www.bolpatra.gov.np/egp सिष्टम मार्फत बिड गर्नु पर्नेछ ।
५. राजश्व दाखिलाको लागि कार्यालय कोड नं.३४५०१३५६३, राजश्व शिर्षक नं.१४२२९ र राजश्व खाता नं.००१०१०००००००१००१००१ नेपाल बैंक लिमिटेड, भूगोलपार्क ।
६. धरौटी दाखिलाको लागि कार्यालय कोड नं.३४५०१३५६३ र धरौटी खाता नं.००२०१०००००२००३००००००१, नेपाल बैंक लिमिटेड, भूगोलपार्क ।